आज मिति २०७९ साल भाद्र ३० गते बिहीबारका दिन यस साँफेबगर नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री शिव बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७९/८० को दोस्रो कार्यपालिकाको चौथो बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री शिव बहादुर कुँवर | अध्यक्ष एवं कार्यवाहक नगर प्रमुख | ९८५११५२८३९ | |
| २. | श्री नन्द बहादुर ठकुल्ला | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६५७६९२२४ | |
| ३. | श्री सेत बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४९७८७४३९ | |
| ४. | श्री कुल बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६४८१७४८५ | |
| ५. | श्री नवराज बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८५५२३१८ | |
| ६. | श्री मक्कर बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८४८६०४९७२ | |
| ७. | श्री मिन बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६५३३८२ | |
| ८. | श्री हिक्मत कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८६८४३६७५९ | |
| ९. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८४४६७९८७८ | |
| १०. | श्री दिपक कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८६४९२२० | |
| ११. | श्री ललित बोगटी | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८५५६००९ | |
| १२. | श्री राम बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८५१२४६२११ | |
| १३. | श्री जनक बहादुर कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८६८४४९३१७ | |
| १४. | श्री रुप बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८६५८७९१५८ | |
| १५. | श्री सन्जु थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८४१०३४५ | |
| १६. | श्री उमा उपाध्याय | सदस्य | ९८४०२९५९२१ | |
| १७. | श्री बिनोद बहादुर भुल | सदस्य | ९८६९९१६९६२ | |
| १८. | श्री मुकेश मिजार | सदस्य | ९८४८५७८३१२ | |
| १९. | श्री मिना के.सी. | सदस्य | ९८४८५९९१५८ | |
| २०. | श्रीमती बिष्णा कुँवर | सदस्य | ९८६५५७९०४३ | |
| २१. | श्री राधा देवी साउँद | सदस्य | ९७४४२८६११३ | |
| २२. | श्री अनिल परियार | सदस्य | ९८६५८४२४८९ | |
| २३. | श्री देवसरा साउद (थापा) | सदस्य | ९८६४४८६१९७ | |
| २४. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि.प्र.प्र.अ. | ९८५८४३०१११ | |

आमन्त्रित:

| | | | | |
|---|---|---|---|---|
| १- | मिन बहादुर कुँवर | का.वा. अध्यक्ष २ | ९८६८६५०३१६ | |
| २. | श्री नृप विश्वकर्मा | कानुन शाखा उ.प्र. | ९८४८५०४९२० | |

प्रस्तावहरुः

१. नवप्रवर्तन साझेदारी कोष अवधारणा-पत्र पेश गर्ने सम्बन्धमा ।

२. नवप्रवर्तन साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने सम्बन्धमा ।

३. नगर शिक्षा समितिको मिति २०७९/०५/१४ गते सम्पन्न बैठकको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

४. विविध ।

निर्णयहरुः

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी कैलालीको मिति २०७९/०५/१६ गते प्रकाशित अवधारणा-पत्र पेश गर्ने सम्बन्धीको सूचनानुसार यस साँफेबगर नगरपालिकाले "सुशासन प्रबर्द्धन तथा कृषि प्रविधि परियोजना" नामक परियोजना नवप्रवर्तन साझेदारी कोष अन्तर्गत अवधारणा-पत्र सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी कैलालीमा पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा निर्णय नं. १ बमोजिमको परियोजना कार्यक्रम कार्यान्वयनको सहजीकरणको लागि देहाय बमोजिम नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

- नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवर – संयोजक
- वडा अध्यक्ष श्री सेत बहादुर कुँवर वडा नं. ०२ – सदस्य
- वडा अध्यक्ष श्री रुप बहादुर कुँवर वडा नं. १३ – सदस्य
- कार्यपालिका सदस्य श्री देवसरा साउँद थापा – सदस्य
- वडा सदस्य श्री चक्र बहादुर चाड वडा नं. ५ - सदस्य
- वडा सदस्य श्री भिडी देवी रावल वडा नं. १२ - सदस्य
- सूचना प्रविधि अधिकृत श्री अम्बर बहादुर बोहरा- सदस्य
- कृषि विकास शाखा प्रमुख श्री हिरे सार्की - सदस्य
- पशु सेवा शाखा प्रमुख श्री पदम बहादुर थापा - सदस्य

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर शिक्षा समितिको मिति २०७९/०५/१४ गते सम्पन्न बैठकले गरेका विद्यालयको लेखा परिक्षकको पारिश्रमिक तोक्ने, शिक्षक काजमा राख्ने, प्रधानाध्यापकबाट विद्यालय विकास प्रस्ताव पेश गर्ने, स्थानीय विषयको पाठ्यपुस्तक लेख्ने, नगर प्रमुख रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना गर्ने, अन्तराष्ट्रिय साक्षरता दिवस मनाउने, विद्यालय, शिक्षक तथा कार्यालय सहयोगीलाई समायोजन गर्ने, नगर शिक्षा समितिका पदाधिकारी तथा सदस्यहरुको कार्यक्षेत्र जिम्मेवारी तोक्ने सम्बन्धीका निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।